# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १६ गते २०२७ साल

### निर्वाचन आयोगको

### सूचना

जिल्ला पञ्चायतको सभापति, उप–सभापति तथा सदस्य पद पूर्तिको निर्वाचनको निमित्त स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन २०२५ को दफा ३० (१) ले दिएको अधिकार प्रयोग गरी यस आयोगबाट मिति ०२६ चैत्र १७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको मतपत्रको नमूना सम्बन्धी दफा ३ लाई खारेज गरी तल दिइएको दफा ३ कायम गरी तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

३. मतपत्रको नमूना तल लेखिएको ढाँचाबमोजिमको हुनेछ । मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि आवश्यक संख्यामा कोठा कायम गरी कोठाको संख्या थप–घट गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1091

## मतपत्र

… …जिल्ला पञ्चायतको सभापति । उप–सभापति । सदस्य पद पूर्तिको निर्वाचनको–

| मत संकेत गर्ने कोठा | उम्मेदवारको नाम (वर्णानुक्रमले) |
|---|---|
| ☐ | – श्री … … … … |
| ☐ | – श्री … … … … |
| ☐ | – श्री … … … … |
| ☐ | – श्री … … … … |
| ☐ | – श्री … … … … |
| ☐ | – श्री … … … … |

कृपया पछाडि लेखेको कुरा हेर्नुहोला । … … … … …

निर्वाचन अधिकृत

यसको पछाडिपट्टी मतपत्र बदर हुने अवस्था र मत संकेत गर्ने तरीका हुनेछ ।

### मत संकेत गर्ने तरीका

आफूले रोजेको उम्मेदवार वा उम्मेदवारहरूको नाम अगाडि रहेको यस्तो ☐ कोठामा यस्तो ( √ ) प्रकारको रेजा चिन्ह दिनुपर्दछ । जस्तैः– [√]

यसरी कोठाभित्र रेजा चिन्ह लगाउंदा रेजाको कोणविन्दु मात्र परे पनि मतपत्र सदर हुन्छ । जस्तैः– [ √

आज्ञाले–
लक्ष्मणप्रसाद रिमाल
निर्वाचन आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9092